मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## १ लाख घुस बुझ्दै गर्दा सर्भेक्षक साह पक्राउ

**मधेशदृष्टि**
**महोत्तर।**
महोत्तरीको बर्दीबासस्थित नापी कार्यालयका सर्भेक्षक शिवकुमार साह सेवाग्राहीबाट १ लाख रुपैयाँ घुस बुझ्दै गर्दा रंगेहात पक्राउ परेका छन्।
जग्गा ट्रायलको काम गराउन सेवाग्राहीसँग लामो समयदेखि घुसका लागि बार्गेनिङ भइरहेको सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दीबासस्थित टोलीले साहमाथि निगरानी राखेको थियो। मंगलबार अपराह्न करिब ४ बजे नापी कार्यालयकै अगाडिको खाजा घरमा सेवाग्राहीबाट १ लाख रुपैयाँ लिँदै गरेको अवस्थामा साहलाई अख्तियारको टोलीले नियन्त्रणमा लिएको हो। अख्तियार बर्दीबासका सूचना अधिकारी प्रकाश पोखरेलका अनुसार साहलाई नियन्त्रणमा लिएर स्थलगत मुचुल्कासहित थप कानुनी प्रक्रिया अघि बढाइएको छ। उनले दुई लाख माग गरेकोमा पहिलो किस्तामा एकलाख रकम मगंलबार दिने सहमति भएको थियो। पहिलो किस्ताको एक लाख लिने क्रममा उनलाई अख्तियारको टोलीले हिरासतमा लिएको हो।

वर्ष ४ • अंक २८१ • २०८३ साल भाद्र ३१ गते बुधबार • Wednesday 16, September 2026 • सूर्योदय: बिहान ०५:५२ बजे • सूर्यास्त: साँझ ०६:१० बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# जनमत पार्टीको महाधिवेशन तयारी अन्तिम चरणमा




**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टीले आगामी असोज ९ र १० गते पर्साको वीरगंजमा हुने दोस्रो महाधिवेशनको तयारी तीव्र पारेको छ। महाधिवेशनका लागि निर्वाचनसम्बन्धी निर्देशिका तथा अन्य दस्तावेज तयारी अन्तिम चरणमा पुगेको पार्टीले जनाएको छ।
निर्वाचनसम्बन्धी निर्देशिकाअनुसार महाधिवेशनबाट १०० जना केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्य निर्वाचित हुनेछन्। बाँकी ५१ सदस्य समावेशी आधारमा मनोनित गरिने जनमत पार्टीले जनाएको छ। कार्यकारिणी समितिमा ४० वर्षमुनिका युवा तथा महिलाको सहभागिता एकतिहाइ पु¥याउने व्यवस्था गरिएको छ।
महाधिवेशनबाट बढीमा १७ जना पदाधिकारी निर्वाचित हुनेछन्। जसमा एक अध्यक्ष, बढीमा सात उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव र बढीमा सात सचिव रहनेछन्। निर्वाचित हुन नसकेका वा रिक्त पदमा अध्यक्षले मनोनयन गर्न सक्ने व्यवस्था निर्देशिकामा गरिएको छ। कोषाध्यक्ष र प्रवक्तासमेत अध्यक्षले मनोनित गर्ने व्यवस्था छ।
उम्मेदवारी दर्ताका लागि केन्द्रीय पदाधिकारीतर्फ १५ हजार रुपैयाँ र केन्द्रीय सदस्यतर्फ पाँच हजार रुपैयाँ शुल्क तोकिएको छ। उम्मेदवारले पार्टीको आधिकारिक खातामा शुल्क जम्मा गरी रसिदसहित तोकिएको फारम भरेर पार्टीको आधिकारिक इमेलमा उम्मेदवारी पत्र पठाउनुपर्नेछ। जम्मा गरिएको शुल्क कुनै पनि कारणले फिर्ता नहुने पार्टीले जनाएको छ।
निर्देशिकाअनुसार केन्द्रीय कार्यकारिणी सदस्यमा निर्वाचित हुन खसेको कुल मतको २० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्नेछ। खुलातर्फ एउटा जिल्लाबाट बढीमा पाँच जना सदस्य मात्र निर्वाचित हुन सक्ने व्यवस्था गरिएको छ।
त्यस्तै, मतपत्रमा तोकिएको पद संख्याभन्दा बढी उम्मेदवारलाई मत संकेत गरिएमा माथिबाट क्रमशः आवश्यक संख्याका उम्मेदवारको मत मात्र मान्य हुने व्यवस्था गरिएको छ।

# इभी दुर्घटनामा चार जनाको मृत्यु



**मधेशदृष्टि**
**हेटौँडा।**
मकवानपुरको इन्द्रसरोवर–२ सुकौरामा मंगलबार दिउँसो भएको इभी दुर्घटनामा मृत्यु भएका ४ जनाको परिचय खुलेको छ।
जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दुर्घटनास्थलबाट उनीहरुको शव हेटौँडा अस्पतालमा ल्याइएको छ।
हेटौँडा भीमफेदी कुलेखानी फाखेल सडक खण्डमा काठमाडौँबाट हेटौँडा आइरहेको म.प्र.०३–००१ ज ०७२० नम्बरको यात्रु बाहक गाडी सडकबाट १ हजार मिटर तल खसेर दुर्घटना भएको हो।
दुर्घटनामा घटनास्थलमै चार पुरुषको मृत्यु भएको प्रहरीले जनाएको छ।
दुर्घटनामा नवलपरासी पूर्व कावासोती–१ का २४ वर्षीय नर बहादुर सिंह ठकुरी, धनुषाको धनुषाधाम–४ का ४३ वर्षीय सुरज भट्टराईं, पर्सा, छिपहरमाइ–२, टिहुकीका भुवनेश्वर साह कानु र बारा, लिप्निमाल, परवानीपुर–३ का ३२ वर्षीय सरफरोस मियाँको निधन भएको मकवानपुरका प्रहरी उपरीक्षक श्याम खत्रीले बताए।
यस्तै, दुर्घटनामा घाइते चालक बारा, कलैया–२४ का २० वर्षीय अमिर अन्सारी, मकवानपुरको मकवानपुरगढी–१ का २३ वर्षीय राजकुमार स्याङतान र मकवानपुरकै हेटौँडा–११ का २३ वर्षीया कल्पना तामाङलाई थप उपचारका लागि काठमाडौँ पठाइएको छ।
यस्तै, बारा महागढीमाई–११ की २१ वर्षीया बबिया कुमारी यादवको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ।

# नक्कली भारु कारोबारको आरोपमा महिला भारतमा पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाकी हिरादेवी महासेठलाई नक्कली भारतीय रुपैयाँ कारोबारमा संलग्न रहेको आरोपमा भारतीय प्रहरीले नियन्त्रणमा लिएको छ।
बिदेह नगरपालिका–दुहवी निवासी महासेठलाई सोमबार राति करिब पौने १२ बजे नेपाल–भारत सीमास्थित दुहवी दशगजा क्षेत्रबाट भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएको धनुषा प्रहरीले जनाएको छ।
धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालले एक नेपाली महिलालाई भारतीय सुरक्षा निकायले दशगजा क्षेत्रबाट नियन्त्रणमा लिएको पुष्टि गरेका छन्। उनका अनुसार पक्राउ परेकी महिला हिरादेवी महासेठ रहेको बुझिएको छ।
प्रहरीका अनुसार केही समयअघि हिरादेवीका श्रीमान् भरत महासेठ बिहारमा नक्कली भारतीय रुपैयाँसहित पक्राउ परेका थिए। सोही घटनासँग जोडिएको 'नेक्सस'का आधारमा हिरादेवीलाई पनि नियन्त्रणमा लिइएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ।
करिब एक महिनाअघि बिहारको मधुवनी जिल्लास्थित बासोपट्टी थाना क्षेत्रको दुहवी बजारमा भारतीय विशेष कार्यदल (एसटीएफ) र सशस्त्र सीमा बल (एसएसबी)को संयुक्त टोलीले नक्कली भारतीय नोट कारोबार भइरहेको सूचनाका आधारमा छापा मारेको थियो। त्यस क्रममा धनुषाको बिदेह नगरपालिकाका भरत महासेठ र उनका सहयोगी शिवकुमार राउत पक्राउ परेका थिए।
भारतीय प्रहरीका अनुसार उनीहरूको साथबाट ५० हजार भारतीय रुपैयाँ बराबरका नक्कली नोट बरामद भएका थिए। बरामद नोट ५०० दरका रहेको बताइएको छ।
भारतीय अनुसन्धान अधिकारीहरूले महासेठ परिवार लामो समयदेखि नक्कली भारतीय मुद्रा तथा सीमापार अवैध कारोबारमा संलग्न रहेको आशंका गरेका छन्। पक्राउ परेकाहरूसँगको सम्पर्क, मोबाइल फोन, बैंकिङ कारोबार तथा अन्य कागजातका आधारमा अनुसन्धान अघि बढाइएको भारतीय प्रहरीको भनाइ छ।
जयनगरका डीएसपी सदानन्द कुमारका अनुसार पक्राउ परेकाहरूसँग विभिन्न कोणबाट सोधपुछ भइरहेको छ। नक्कली नोटको स्रोत तथा कारोबारको सञ्जालबारे समेत अनुसन्धान भइरहेको उनले बताएका छन्।
भारतीय प्रहरीको अनुसन्धानमा महासेठ परिवारका अन्य सदस्यको भूमिकामाथि समेत अनुसन्धान भइरहेको छ। परिवारका सदस्यहरू सीमापार सामान ओसारपसार तथा अन्य अवैध कारोबारमा संलग्न रहेको आशंका गरिएको छ।
महासेठ परिवारका छोरा राजीव महासेठसमेत अनुसन्धानको दायरामा रहेको र उनी हाल फरार रहेको प्रहरी स्रोतले जनाएको छ। यद्यपि, परिवारका सदस्यहरूमाथि लगाइएका आरोपबारे थप अनुसन्धान तथा कानुनी प्रक्रियाबाट तथ्य पुष्टि हुन बाँकी छ।

# मध्यराति घरैबाट युवक उठाइए, भारतीय प्रहरीको नियन्त्रणमा रहेको खुलासा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सप्तरीको बलान बिहुल गाउँपालिका–४ बेल्हीबाट २४ वर्षीय युवकलाई मध्यराति घरबाटै उठाएर लगिएको घटनाले स्थानीय क्षेत्रमा त्रास र आक्रोश बढाएको छ।
सोमबार राति करिब १२ बजे घरमा सुतिरहेका अभिनन्दन यादवलाई नचिनेका हतियारधारी व्यक्तिहरूको समूहले जबर्जस्ती उठाएर लगेको परिवारले जनाएको छ। युवकलाई लैजाने क्रममा परिवारका केही सदस्यसमेत सामान्य घाइते भएको अभिनन्दनका बुवा विनोद यादवले दाबी गरेका छन्।
घटनालगत्तै परिवारले नेपाल प्रहरीलाई जानकारी गराए पनि प्रहरीले पर्याप्त चासो नदिएको आरोप लगाएको छ। घटनाबारे स्थानीयस्तरमा समेत चासो बढेपछि प्रहरीले अनुसन्धान थालेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक रूपक खड्काका अनुसार अभिनन्दन यादव अहिले भारतीय प्रहरीको नियन्त्रणमा रहेको खुलेको छ।
भारतीय प्रहरीबाट प्राप्त जानकारीअनुसार अभिनन्दन भारतको गुडगाउँमा भएको एक हत्या घटनाको अनुसन्धानका क्रममा पक्राउ परेका व्यक्ति हुन्। सोही घटनासँग सम्बन्धित अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिएर भारत लगिएको भारतीय पक्षले जनाएको छ। भारतीय प्रहरीका अनुसार अभिनन्दनसँग भारतीय आधार कार्डसमेत रहेको दाबी गरिएको छ। यद्यपि, उनलाई नेपालबाट भारत लैजाने क्रममा अपनाइएको प्रक्रिया र घटनाको विस्तृत विवरणबारे थप तथ्य सार्वजनिक हुन बाँकी छ।
यसैबीच, युवकलाई मध्यराति घरबाटै उठाएर लगिएको घटनाको विरोधमा स्थानीयवासीले बेल्ही प्रहरी चौकीअगाडि प्रदर्शन गरेका छन्। उनीहरूले घटनाको छानबिन गरी वास्तविकता सार्वजनिक गर्न तथा अभिनन्दनलाई नेपाल ल्याउन पहल गर्न माग गरेका छन्।

## ११ दिनपछि सकुशल उद्धार

# अपहरण आरोपमा महिला पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको विदेह नगरपालिका–६ तीनकोरियाबाट हराएका १५ महिनाका बालक सिधान्त महतो ११ दिनपछि सकुशल उद्धार भएका छन्।
बालकलाई अपहरण गरी नेपाल तथा भारतका विभिन्न स्थानमा लुकाएर राखेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कमला नगरपालिका–९ हथलेट्वाकी करिब ४१ वर्षीया पुनिता देवी पासवान रहेकी छन्।
जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार भदौ १८ गते अपराह्न करिब ४:४० बजे कमलेश महतोका १५ महिनाका छोरा सिधान्त आफ्नै घरको आँगनमा खेलिरहेका बेला बेपत्ता भएका थिए। बालक हराएको सूचना पाएलगत्तै प्रहरी चौकी गिद्धाबाट टोली घटनास्थल पुगेको थियो।
बालकको खोजीका लागि जिल्ला प्रहरी कार्यालय धनुषाले प्रहरी उपरीक्षक रुपेश खड्काको कमाण्डमा ६० जना प्रहरी परिचालन गरेको थियो। तालिमप्राप्त कुकुरको समेत सहयोगमा घटनास्थल तथा आसपासका क्षेत्रमा खोजी गरिएको प्रहरीले जनाएको छ।
त्यसैगरी धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल तथा मधेश प्रदेश प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक बबिन्द्र नेम्बाङको कमाण्डमा खटिएको प्रादेशिक सूचना विश्लेषण तथा अनुसन्धान समूहको संयुक्त टोलीले घटनाको अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा बालकलाई पुनिता देवी पासवानले अपहरण गरेको खुलेको प्रहरीको दाबी छ।
महिलाले बालकलाई पटकपटक स्थान परिवर्तन गर्दै नेपाल तथा भारतका विभिन्न ठाउँमा लुकाएर राखेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।
प्रहरीले जिल्लाका विभिन्न नाकामा २४ घण्टा निगरानी बढाउनुका साथै प्राविधिक अनुसन्धानलाई समेत तीव्रता दिएको थियो। सोही क्रममा भदौ २९ गते दिउँसो करिब ३:३५ बजे शंकित महिलाले बालकलाई घरबाट करिब ३०० मिटर दक्षिण सडकछेउमा छाडेर भागेको प्रहरीले जनाएको छ।
बालकलाई तत्काल उद्धार गरी स्वास्थ्य परीक्षण गराइएको थियो। स्वास्थ्य परीक्षणपछि उनलाई अभिभावकको जिम्मा लगाइएको र बालकको स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। बालकलाई छाडेर भागेकी पासवानलाई सोही दिन करिब ३:४५ बजे भारततर्फ भाग्दै गरेको अवस्थामा विदेह नगरपालिका–१ महिनाथपुरस्थित नेपाल–भारत दशगजा क्षेत्रबाट प्रहरीले नियन्त्रणमा लिएको हो।
पक्राउ परेकी पासवानमाथि अपहरण, शरीर बन्धक तथा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# नेता पक्राउविरुद्ध मसाल जुलुश, ६ जना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेकपाका नेता अशोक यादवको पक्राउको विरोधमा मंगलबार साँझ सर्लाही सदरमुकाम मलंगवामा मसाल जुलुस निकालिएको छ।
नेकपाका नेता–कार्यकर्ताले तीनबिघे मैदानबाट नगरपालिका चौकतर्फ निकालेको जुलुसलाई प्रहरीले बालमन्दिर चौकमा रोकेर तितरबितर पारेको थियो। त्यस क्रममा प्रदर्शनकारीले प्रहरीविरुद्ध समेत नाराबाजी गरेका थिए।
यादवको पक्राउलाई राजनीतिक प्रतिशोध भन्दै प्रदर्शनकारीले तत्काल रिहाइ, मुद्दा खारेजी र छानबिन समिति गठनको माग गरेका छन्। प्रहरीले प्रदर्शनमा सहभागी ६ जनालाई नियन्त्रणमा लिएको जनाएको छ।
यादवलाई कुटपिट, अङ्गभङ्ग तथा आपराधिक उपद्रवसहित विभिन्न कसुरमा अनुसन्धान गर्न ललितपुरको धापाखेलबाट पक्राउ गरी सर्लाही ल्याइएको हो। जिल्ला अदालतले अनुसन्धानका लागि ५ दिन र थप ६ दिनको म्याद दिएको प्रहरीले जनाएको छ।

## सम्पादकीय

# वीरगंज महानगरमा राजेशमान सिंहको पुनरागमन र स्वार्थको राजनीति

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले विशेष अदालतबाट नागरिकतासम्बन्धी मुद्दामा पूर्ण सफाइ पाएका छन्। अर्काको सन्तानलाई आफ्नै भनेर नागरिकता दिलाएको भन्दै उनीविरुद्ध दर्ता गरिएको मुद्दामा अदालतको फैसलाले कानुन र न्यायको सर्वोच्चतालाई पुनः स्थापित गरेको छ। नागरिकता जस्तो नितान्त व्यक्तिगत र संवेदनशील विषयलाई राजनीतिक हथकण्डा बनाउने र कपोलकल्पित आरोपमा जनप्रतिनिधिलाई अल्झाउने षड्यन्त्र यो फैसलासँगै असफल भएको छ।

आफ्नो दोस्रो पत्नी र उनीतर्फबाट जन्मिएका सन्तानलाई नै कानुनी दायरामा रहेर पितृत्व स्वीकार गर्दै नागरिकता दिलाएको विषयलाई बंग्याएर बनाइएको यो मुद्दा सुरुदेखि नै शङ्कास्पद थियो। मेयर सिंहले स्पष्ट रूपमा सन्तान आफ्नै भएको तथ्य सार्वजनिक गर्दै आएका थिए। तर, तथ्यलाई ओझेलमा पार्दै उनीमाथि लगाइएको झुटा आरोप केवल एक व्यक्तिमाथिको आक्रमण मात्र थिएन, बरु महानगरवासीको जनादेशमाथिको अवहेलना पनि थियो।

विगत केही समयदेखि पर्सा र वीरगंजको स्थानीय राजनीतिमा राजेशमान सिंहको बढ्दो प्रभाव र लोकप्रियताबाट अत्तालिएका राजनीतिक प्रतिद्वन्द्वीहरूले यो पूर्वाग्रहप्रेरित कदम चालेका थिए। विकास निर्माण र प्रशासनिक सुधारमा ध्यान दिनुपर्ने जनप्रतिनिधिलाई नैतिक र कानुनी उल्झनमा पारेर उनको राजनीतिक उचाइ घटाउने स्वार्थ यसको पछाडि प्रस्ट देखिन्थ्यो। यस घटनाले नेपालमा राजनीतिक पूर्वाग्रह साध्न कानुनी प्रक्रियाको दुरुपयोग कसरी गरिन्छ भन्ने गम्भीर प्रश्न उब्जाएको छ।

अदालतको यो सफाइले सत्य कहिल्यै पराजित हुँदैन भन्ने मान्यतालाई पुनः पुष्टि गरेको छ। राजनीतिक लाभका लागि कसैको पारिवारिक जीवन, प्रतिष्ठा र चरित्रहत्या गर्ने दुष्प्रयासलाई अदालतको यो निर्णयले कडा झापड दिएको छ।

अब मेयर सिंहलाई आफ्ना बाँकी कार्यकाल निर्धक्क भएर जनसेवा र महानगरको समृद्धिमा समर्पित गर्ने कानुनी र नैतिक बाटो पूर्ण रूपमा खुलेको छ।

अन्ततः, पूर्वाग्रह र षड्यन्त्रको तुवाँलो हटेर सत्यको विजय भएको छ। यो फैसला केवल राजेशमान सिंहको व्यक्तिगत जित मात्र नभई वीरगंजवासीको विश्वास र लोकतान्त्रिक पद्धतिको पनि जित हो। आगामी दिनमा राजनीतिक प्रतिस्पर्धालाई विचार र विकासका एजेन्डामा सीमित राख्दै व्यक्तिगत हिलोछ्याप्ने र षड्यन्त्रकारी प्रवृत्तिलाई निरुत्साहित गर्न यो घटना सबैका लागि एउटा ठूलो पाठ बन्नुपर्छ।

# हराउँदै सुकुल भोज

–रेणु त्वानाबासु/रासस

नेवार समुदाय चाडपर्व, जात्रा र मौलिक परम्पराले जति सम्पन्न छ, त्यति नै खानपान र खाने शैलीले पनि परिचित छ। नेवार समुदायमा हरेक महिनाजसो कुनै न कुनै अवसरमा भोज हुने गर्दछ। यसलाई नेपाल भाषामा सुकु भ्वय अर्थात सुकुल भोज भनिन्छ। तर पछिल्लो समय सामूहिक रूपमा सुकुलमा बसेर खाने यो परम्परागत भोज विस्तारै हराउँदै गएको छ।

सुकुल भोज विस्तारै मृत्यु सस्कार र गुठीको भोजमा मात्र सीमिति भएको देखिन्छ। अन्य शुभकार्य जस्तै ब्रतबन्ध, बेलविवाह, गुफा, पास्नी, विबाहलगायतका भोज अधिकांश भोज पार्टी प्यालेस तथा आधुनिक सभाहलमा आयोजना हुन थालेका छन्। सुकुलको स्थानमा अहिले कुर्सी र टेबलले लिन थालेका छन्। संस्कृति अध्ययनकर्ता गणेश रञ्जितकार बदलिँदो जीवनशैली, बढ्दो व्यस्तता र आधुनिक पहिरनका कारण सुकुल भोजको प्रचलन घट्दै गएको बताउनुहुन्छ। सुकुल भोजमा लामो समयसम्म बसेर क्रमशः परिकार खानुपर्ने भएकाले अहिलेको व्यस्त जीवनशैलीसँग यसको तालमेल नमिलेको उहाँ बताउनुहुन्छ।

सुकुल भोजमा लामो समय पलेंटी कसेर बस्नुपर्ने भएकाले आधुनिक पहिरन पनि यसको प्रचलन घट्नुको एउटा कारण बनेको उहाँको बुझाइ छ। 'वानपिस', स्कर्ट, गाउन, पाइन्ट, हाफ पाइन्ट तथा लेहेंगालगायतका पहिरनमा सुकुलमा लामो समय बस्न सहज नहुने भएकाले नयाँ पुस्ता आधुनिक भोजतर्फ आकर्षित भएको उहाँ बताउनुहुन्छ। नेवार समुदायका मानिस यो भोजमा खुबै रमाउँथे। सबै जना मिलेर रमाइलो गर्दै भोज खान्छन् र खुवाउँछन् पनि', भक्तपुर थिमीकी सुमित्रा श्रेष्ठको अनुमान छ, 'हिजोआज मानिसको बेफुर्सदी बढेको छ। यो भोज तुलनात्मक रूपमा खान लामो समय लाग्छ, त्यसकारण फेज आउट भएको होला।'

बदलिँदो जीवनशैलीसँगै मानिसको दैनिक व्यस्तता बढेको छ। परिवारका सदस्य तथा आफन्तसँग लामो समय बसेर भोज खाने समय निकाल्न कठिन हुन थालेपछि परम्परागत सुकुल भोजको अभ्यास पनि घट्दै गएको उहाँको पनि उही बुझाइ छ। सुकुल भोज हराउनुका एक होइन, अनेक कारण देखिन्छ। समय धेरै लाग्ने, पलेँटी कसेर बस्नुपर्ने भएकाले फरकफरक पोशाकमा बस्न नमिल्ने, आफूलाई मन परेको परिकार मात्रै लिएर खान नमिल्ने तथा साथीभाइसँग गफ गरेर खान नमिल्ने जस्त विभिन्न कारणले सुकुल भोज विस्तारै अलोकप्रिय बन्दै गएको अनुमान छ। सुकुल भोजमा परालबाट बनेको सुकुलमा लहरै बसेर विभिन्न परिकार खाने गरिन्छ। परिवारका सदस्य, आफन्त तथा नातेदारको जमघट गराउनु र आपसी आत्मीयता बढाउनु भोजको मुख्य उद्देश्य हुने गर्दछ।

**सीमित भएकै हो त सुकुल भोज ?**

संस्कृतिविद् पुरुषोत्तमलोचन श्रेष्ठका अनुसार सुकुल भोज अहिले मृत्यु संस्कार र गुठी भोजमा मात्र सीमित हुँदै गएको छ। उहाँका अनुसार पहिले नेवार समुदायका विभिन्न चाडपर्व, जात्रा तथा सामाजिक संस्कारमा सुकुल भोजको व्यापक प्रचलन रहे पनि पछिल्लो समय यसको प्रयोग निकै साँघुरिएको छ।

सुकुल भोज अहिले नेवार समुदायको मृत्यु संस्कार जुन न्हेनुमा (७ दिनमा), लत्या (४५ दिनमा), खुल्हा (६ महिनामा), दाकिला (एकवर्षमा) र वर्षेपिच्छे हुने मृत्यु संस्कारको बेलामा मात्र सुकुल भोज खाएको देखिन्छ। यसमा नयाँ पुस्ता खासै समावेश भएको हुँदैन। मृत्यु संस्कारमा खुशीयाली रमझम गर्न नहुने, यस्ता भोज औपचारिकताका लागि मात्रै हुने, युवा पुस्ता सहभागी नहुनेलगायतका कारण अहिले सकुल भोजको लोकप्रियता विस्तारै कम भएको देखिन्छ। नेवार समुदायमा भोज केवल खानपानको विषय मात्र होइन, यसले सामाजिक सम्बन्ध, सामूहिकता, आपसी सहयोग र सांस्कृतिक पहिचानलाई समेत जोड्ने हुँदा सुकुल भोज हराउँदै जानु भनेको एउटा खाने शैली हराउनु मात्र नभई त्यससँग जोडिएका सामाजिक तथा सांस्कृतिक अभ्यास कमजोर हुनु पनि हो।

संस्कृतिप्रेमी सत्यराम सुवालका अनुसार यस्ता परम्परालाई जीवित राख्न नयाँ पुस्ताको सहभागिता आवश्यक छ। परम्परात पुस्ताले नयाँ पुस्तालाई हस्तान्तरण गरे मात्र जीवित रहन्छ, नयाँ पुस्तालाई सुकुल भोजको महत्व बुझाएर व्यवहारमै सहभागी गराउनुपर्छ,' सुवालको भनाइ छ। सुकुल भोजलाई नेवार समुदायको महत्वपूर्ण मौलिक परम्पराका रूपमा संरक्षण गर्नुपर्ने बताउनुहुन्छ उहाँ। उहाँका अनुसार आधुनिक जीवनशैली र नयाँ पुस्ताको बदलिँदो रुचिका कारण यस्ता परम्परागत अभ्यास विस्तारै ओझेलमा पर्दै गएका छन्।

परम्परागत संस्कृतिको संरक्षण गर्नु भनेको केवल सुकुलमा बसेर खाना खाने शैली जोगाउनु मात्र नभई त्यससँग जोडिएको सामूहिकता, आपसी आत्मीयता, परम्परागत ज्ञान र सांस्कृतिक पहिचानलाई समेत संरक्षण गर्नु हो। त्यसैले आधुनिकतासँगै भोजको स्वरूप परिवर्तन भए पनि सुकुल भोजको मौलिकता र महत्वलाई पुस्तान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ। त्यसैले टोलटोलमा भएको चोकलाई संरक्षण गर्नुपर्ने नेवारी परम्परा प्रेमीहरुको भनाइ छ।

**पार्टी प्यालेसमा खुवाइन्छ त सुकुल भोज ?**

धेरैजसो पार्टी प्यालेसमा सुकुल भोज खुवाउने व्यवस्था भएको देखिदैन। त्यसैले कसैकसैले शुभकार्यको भोजमा सुकुल भोज खुवाउन चाहेर पनि खुवाउन नसकेको देखिन्छ। भक्तपुरका केही पार्टी प्यालेसमा भने कुर्सीमा बसेर लहरै टेबलमा सुकुल भोज खुवाउने गरेको पनि भेटिन्छन्। एकथरीका मानिस सुकुल भोज सबै पार्टीमा खुवाउनपर्ने नियम बनाउनुपर्नेमा पनि जोड दिने गर्दछन्।

नयाँ पुस्तालाई यसको महत्व बुझाउन नसके भविष्यमा यो केवल इतिहासको विषय बन्न सक्ने सुवालको विश्लेषण छ। ''सुकुल भोज नेवार समुदायको महत्वपूर्ण मौलिक परम्परा हो, यसको प्रचलन घट्दै जानु चिन्ताको विषय हो' उहाँले भन्नुभयो। यस्तै अवस्था रहे मृत्यु संस्कार र गुठीमा भइरहेको सुकुल भोज पनि छिटै पार्टी प्यालेसमा रात्रि भोजमा परिवर्तन हुन धेरै समय नलाग्ने बताउँदै उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ, ''कुनै बेला भक्तपुरमा सुकुल भोज हुन्थ्यो भन्ने दिन पनि नआउँला भन्न सकिदैन।'' नयाँ पुस्तालाई सुकुल भोजको महत्व बुझाउनुपर्ने हुन्छ, उहाँहरु बताउनुहुन्छ। काठमाडौँ, ललितपुर र अन्य नेवार बस्तीमा सुकुल भोज खुवाउने परम्परा विस्तारै लोभ भइसकेको उहाँले दृष्टान्त दिनुभयो।

**कहाँ र कसरी खुवाइन्छ सुकुल भोज ?**

भक्तपुर नगरपालिका–७ बस्ने केशव त्वानाबासुले पहिला पहिला घरको अगाडि रहेको चोकचोक, बाटोमा सुकुल भोज खुवाउने चलन रहेको सुनाउनुभयो। फुर्सदमा बोराबाट बनाएर पाल टाँगेर बास ठहराएर पाल टाँगेर एक हप्ता लामोसम्म भोज खुवाउने चलन रहेको उहाँ सुनाउनुहुन्छ। तर अहिले भने यो मृत्यु संस्कार र गुठीको भोजमा मात्र सीमित भएको उहाँ सुनाउनुहुन्छ। अहिलेको नयाँ पुस्तामा सहयोगको भावना नभएको उहाँले बताउनुभयो।

यो भोजमा लस्कर‍ै बसेर (इवः भ्वय्) खाइन्छ। भोजमा आमन्त्रित पाहुनाहरू सुकुलमा पलेटी कसेर लस्कर‍ै बस्नुपर्छ। भोजमा सुरुमा चिउरा र विभिन्न परिकारहरू (छयापी, भटमास, साग, आलु तामा, मासु आदि) क्रमैसँग पस्कने परम्परा छ। लहरै बसेको माथिल्लो पहिलो व्यक्तिदेखि अन्तिम व्यक्तिसम्म सबैलाई भोज नराखेसम्म र माथिल्लो सदस्यले खान सुरु नगरेसम्म कसैले खान पाउँदैनन् यो भोजमा।

सुकुल भोजमा आफूलाई मन लागेको परिकार मात्र लिएर खाइसकेपछि तत्काल उठ्ने सुविधा हुँदैन। यो भोजमा परम्परागत विधि अनुसार भोजमा सहभागीलाई लहरै बसाएर क्रमशः विभिन्न परिकार पस्कने गरिन्छ। सबै परिकारको पालो पूरा भएपछि मात्र भोजबाट उठ्ने चलन छ। 'पार्टी प्यालेसमा हुने भोजमा आफूलाई मन लागेको परिकार लियो, खायो र उठ्यो गर्न सकिन्छ,' स्थानीय युवा श्रीओम धौभडेलले भन्नुभयो, 'तर सुकुल भोजमा त्यसरी हुँदैन। लहरै विभिन्न परिकार ल्याइन्छ र नटुङ्गेसम्म उठ्न पाइँदैन।'

नेवार समुदायमा बच्चाको पास्नी, सूर्यदर्शन, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, रथारोहण तथा गुठीका विभिन्न अवसरमा सुकुल भोज गर्ने परम्परा रहेको छ। परिवारका कुनै सदस्यको मृत्यु भएपछि गरिने मृत्यु संस्कारसँग पनि यसको महत्वपूर्ण सम्बन्ध छ। पहिले विभिन्न जात्रा तथा चाडपर्वमा समेत सुकुल भोज गर्ने चलन रहेको थियो। तर अहिले अधिकांश भोजभतेर पार्टी प्यालेसमा आयोजना गर्न थालिएपछि सुकुल भोज गुठी तथा मृत्यु संस्कारमा बढी सीमित हुन पुगेको छ।

**स्वास्थ्यवद्र्धक मानिन्छ परम्परागत भोज**

संस्कृतिविद्हरुका अनुसार परम्परागत नेवारी भोजमा विभिन्न किसिमका परिकारको सन्तुलित संयोजन हुने भएकाले यसको आफ्नै स्वास्थ्यसम्बन्धी महत्व पनि रहेको छ। तर अहिलेको पुस्ताले यस्ता परिकार तयार पार्न समय र श्रम लाग्ने भन्दै आधुनिक भोजलाई प्राथमिकता दिन थालेको देखिन्छ। 'परम्परागत नेवारी भोज स्वास्थ्यवद्र्धक हुने भए पनि अहिलेको पुस्ताले यसलाई तयार पार्न झन्झट मान्न थालेको छ,' एकजना युवा सुमन कवांले भन्नुभयो, 'पार्टी प्यालेसमा डिनर खाँदा छिट्टै भोक मेटिएजस्तो हुन्छ र केही समयपछि फेरि भोक लाग्न सक्छ। कहिलेकाहीँ पेटमा समस्या पनि हुने गरेको हुन्छ।' सुकुल भोजमा विभिन्न किसिमका अन्न, गेडागुडी, सागसब्जी, मासु, अचार तथा दुग्धजन्य परिकारको संयोजन हुने गर्दछ। परम्परागत रूपमा परिकारलाई निश्चित क्रममा पस्कने र खाने गरिन्छ।

**के–के परिकार हुन्छन् सुकुल भोजमा ?**

नेपाल भाषामा 'इव भ्वये' भनेर समेत चिनिने सुकुल भोजमा परम्परागत नेवारी परिकारको विविधता पाइन्छ। यसमा चिउरा, अचार, हरियो लसुन, द्याकागु ला अर्थात् झोल भएको राँगाको मासु, केराउ, चना, सिमी, सिम्पुलगायतका गेडागुडीका परिकार समावेश हुन्छन्। त्यसैगरी काउली, आलु, छयाला अर्थात् तामाको झोल भएको तरकारी, तकोला अर्थात् ठूलाठूला टुक्रा पारिएको राँगाको मासु, हरियो साग, अमिलो, भुटन र दहीलगायतका परिकार पस्कने गरिन्छ। भोजको अन्तिममा भिजाएको सानो केराउ, काटेको मुला, गाजर तथा फलफूलका केही टुक्रा सलादका रूपमा राख्ने रम्परा छ। परिकारको विविधता मात्र नभई तिनलाई निश्चित क्रममा पस्कने र खाने शैली पनि सुकुल भोजको विशेषता हो।

**कहिलेदेखि सुरु भयो सुकुल भोज ?**

सुकुल भोजको सुरुवात ठ्याक्कै कुन समयदेखि भयो भन्ने यकिन प्रमाण नरहेको संस्कृतिविद्हरु बताउँछन्। नेवार समुदायले आफ्नो परम्परा, सामाजिक संरचना र सभ्यताको विकास गर्ने क्रममा सामूहिक रूपमा खाना खाने संस्कृतिको विकाससँगै सुकुल भोजको परिकल्पना गरेको हुनसक्ने उहाँहरुको भनाइ छ। सुकुल भोजसँग जोडिएको सामूहिकता, आत्मीयता, परम्परागत खानपान र सामाजिक सहभागिता नेवार समुदायको सांस्कृतिक पहिचानको महत्वपूर्ण पक्ष हो। आधुनिक जीवनशैलीसँगै यसको अभ्यास घट्दै गए पनि यसको मौलिक स्वरूप र सांस्कृतिक महत्वलाई नयाँ पुस्तासम्म पुऱ्याउनसके संरक्षण गर्न सकिने संस्कृतिविद्हरू बताउँछन्।

प्राचीनकालमा काठमाडौँ उपत्यकाका राजाहरूले राज्यमा सम्पन्नता र एकता झल्काउन ठूला–ठूला सामूहिक भोजहरूको आयोजना गर्दथे। सुरुका दिनहरूमा भोजमा बस्दा धनी, गरिब, उच्च ओहोदाका र सर्वसाधारण व्यक्तिहरूबीच विभेद हुने गर्थ्यो। हुनेखानेहरू चकटी वा महङ्गा कपडाका आसनमा बस्थे भने गरिबहरू खाली भूइँमा बस्नुपर्थ्यो। यो विभेद र असमानतालाई हटाउन मल्ल राजा र तत्कालीन संस्कृतिविद्हरूले एउटा नियम बनाए—भोजमा सरिक हुने सबैजना परालबाट बुनिएको एउटै लामो सुकुलमा लहरै बस्नुपर्ने। सुकुलमा बसेपछि राजा, मन्त्री, धनी वा गरिब कोही पनि सानो–ठूलो नहुने र सबैको हैसियत समान हुने मान्यता राखियो। यही सामाजिक समानता र आत्मीयताको भावना जगाउन नै 'सुकुल भोज' को सुरुवात भएको किम्बदन्ती छ।

# विपद्सँग जुध्न उद्धार र राहतदेखि नमुना अभ्याससम्म

–भेषराज बस्नेत/रासस

भौगोलिकता र मौसमी प्रतिकूलताका हिसाबले विपद्को उच्च जोखिममा रहेको बाँकेको राप्ती सोनारी गाउँपालिका विपद्सँग जुध्न उद्धार र राहतदेखि नमुना अभ्याससम्मको पूर्वतयारी गरेको छ। हरेक वर्ष मनसुन सुरु भएसँगै उर्लेर आउने राप्ती नदी र खहरे खोलाहरूले यहाँको जनजीवन अस्तव्यस्त बनाउँछन्। मानवीय बस्ती डुबानमा पर्नु, खेतीयोग्य जमिन कटान हुनुका साथै विद्यालय, स्वास्थ्य संस्था र सडकजस्ता पूर्वाधारमा क्षति पुग्नु यहाँको वार्षिक नियतिजस्तै बनिसकेको छ। तर यसपटक भने गाउँपालिका विपद् आइपरेपछि मात्रै जाग्ने पुरानो शैली बदलेर पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रूपमा जुटेको छ।

राप्ती सोनारी सबैखाले विपद्बाट प्रभावित हुने क्षेत्र भएकोले यसवर्ष गाउँपालिकाले एकीकृत विपद् प्रतिकार्य योजना नै तयार पारेर प्राकृतिक विपद्सँग जुध्ने पूर्वतयारी गरेको गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेले बताउनुभयो। प्राकृतिक विपद्बाट पछिल्ला वर्षहरूमा अपनाइएका सजगताका कारण क्षति घट्दै गएको उहाँको भनाइ छ।

गाउँ–गाउँमा विपद्का बेला खटिने उद्धार टोली

राप्ती सोनारी गाउँपालिकाले विपद् पर्दा समुदायस्तरमा घटनास्थलमा खटिनसक्ने स्थानीय जनशक्ति तयार गरेको छ। बाढी, डुबान, आगलागी अथवा भूकम्पलगायतका प्राकृतिक विपद् परेपछि बाहिरबाट उद्धार टोली आइपुग्न समय लाग्छ। त्यही समयभित्र घाइतेको अवस्था बिग्रिन सक्छ। यही जोखिमलाई ध्यानमा राख्दै गाउँपालिकाका सबै वडामा खटिने गरी ४९ जना स्वयंसेवक तयारी अवस्थामा रहेको राप्ती सोनारी गाउँपालिका अध्यक्ष पौडेलले बताउनुभयो।

'प्राकृतिक विपद् पर्दासाथ सुरक्षाकर्मी नपुग्दासम्म समुदायमा के कसो गर्ने भन्ने अलमल हुने गर्दथ्यो, अब त्यस्तो अवस्था छैन', अध्यक्ष पौडेलले भन्नुभयो, 'अहिले बाढीमा फसेकाको उद्धारदेखि आगलागी नियन्त्रण र घाइतेलाई प्राथमिक उपचार दिने सीपसहित विपद् व्यवस्थापन स्वयंसेवक तयार भएका छन्, सुरक्षाकर्मी नपुग्दासम्म उनीहरुले विपद् व्यवस्थापनको काम गर्न सक्षम भएका छन्।' गाउँपालिकाले सशस्त्र प्रहरी बलको ४२ नम्बर रिजर्व गण शम्शेरगञ्जसँगको साझेदारीमा सञ्चालन गरेको १८ दिने तालिमपछि उनीहरू गाउँपालिकास्तरीय विपद् व्यवस्थापन स्वयंसेवकका रूपमा परिचालन भएका छन्। तालिममा विपद् व्यवस्थापनका कुरा कक्षाकोठामा सुन्ने र टिपोट गर्नेमा मात्र सीमित नगरी सम्भावित घटनास्थलमै उत्रिएर कसरी उद्धार गर्ने भन्ने अभ्यास पनि गराइएको सशस्त्र प्रहरी बलको ४२ नम्बर रिजर्व गण शम्शेरगञ्जका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक श्याम रावतले बताउनुभयो।

उहाँका अनुसार बाढीमा फसेका व्यक्तिलाई सुरक्षित स्थानमा निकाल्ने, घरमा लागेको आगो नियन्त्रण गर्ने, पानी प्रयोग गर्न नमिल्ने ठाउँमा आगो निभाउने तरिका तथा भूकम्पपछि भत्किएको संरचनाबाट घाइतेको उद्धार गर्ने अभ्यास स्वयंसेवकले तालिमका क्रममा सिकेका छन्। 'दुर्घटना वा विपद्बाट घाइते व्यक्ति अस्पताल पुग्नुअघि नै जीवन गुमाउने जोखिम हुन्छ। त्यस्तो अवस्थामा सानो उपचार पनि निर्णायक हुन सक्छ, त्यसैले तालिममा सीपीआर अर्थात् मुटु तथा श्वासप्रश्वास रोकिएको अवस्थामा गरिने जीवनरक्षक विधिको समेत सैद्धान्तिक र व्यावहारिक अभ्यास गराइएको थियो', उहाँले भन्नुभयो, 'घटनास्थलमा पुगेपछि घाइतेको अवस्था पहिचान गर्ने, आफू सुरक्षित रहेर उद्धार गर्ने, घाइतेलाई प्राथमिक उपचार दिने र आवश्यक परे स्वास्थ्य संस्था वा थप उद्धार टोलीसम्म सुरक्षित रूपमा पुऱ्याउने विषयमा स्वयंसेवकलाई अभ्यास गराइएको छ।' राप्तीसोनारी गाउँपालिका–२ निवासी तालिम प्राप्त विपद व्यवस्थापन स्वयंसेवक रती वलीले तालिम लिएपछि उद्धार कार्यमा धेरै सीप जानकारी भएको बताउनुभयो। उहाँले तालिम लिएर आफ्नो समुदायमा विपद् उद्धार कार्यमा खटिएर सहयोग गर्न पाउँदा धेरै खुशी लागेको बताउनुभयो।

विपद् व्यवस्थापनसम्बन्धी कार्यरत संस्था सामाजिक विकास मञ्च बाँकेका स्रोत व्यक्ति घनश्याम उपाध्यायले विपद्को पहिलो प्रतिकार्यमा स्थानीय जनशक्तिको भूमिका महत्वपूर्ण हुने भएको उल्लेख गर्दै बाहिरबाट उद्धार टोली घटनास्थलमा पुग्नुअघि नै स्थानीय स्वयंसेवकले प्रारम्भिक उद्धार र प्राथमिक उपचार गर्न सके क्षति कम गर्न सकिने बताउनुभयो। 'विपद्का बेला तत्काल परिचालन हुन सक्ने दक्ष जनशक्ति स्थानीयस्तरमै तयार गर्नु तालिमको उद्देश्य हो', उपाध्यायले भन्नुभयो, 'व्यावहारिक सीप भएका स्वयंसेवक परिचालनबाट राप्ती सोनारीमा समुदायको विपद् सामना गर्ने क्षमता बलियो भएको छ।'

राप्ती सोनारी गाउँपालिका–३ का वडाध्यक्ष मिनकुमार चौधरीले विपद् व्यवस्थापनमा बाह्य उद्धार टोलीको भर पर्नुभन्दा पहिले स्थानीय समुदायलाई नै प्रतिकार्यका लागि तयार पार्ने कार्य प्रभावकारी भएको बताउनुभयो। 'बाहिरबाट उद्धार टोली आइपुग्नुअघि स्थानीयस्तरमै प्रारम्भिक उद्धार र प्राथमिक उपचार गर्न सक्ने जनशक्ति चाहिन्छ', उहाँले भन्नुभयो, 'सबै वडाबाट स्वयंसेवक सहभागी गराएर तालिम दिइएकाले विपद्का बेला पालिकाको प्रतिकार्य प्रणालीलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ।' राप्ती सोनारी गाउँपालिकामा बाढी, पहिरो र सडक अवरोधदेखि आगलागी, सर्पदंश तथा भूकम्पसम्मका जोखिम रहेको छ। विपद्का बेला सडक अवरुद्ध हुँदा उद्धार टोली तत्काल घटनास्थल पुग्न नसक्ने अवस्था पनि आउन सक्छ। त्यस्तो अवस्थामा घटनास्थल नजिकै रहेका प्रशिक्षित स्वयंसेवक नै पहिलो सहारा बन्न सक्ने वडाध्यक्ष चौधरीको भनाइ छ।

**गाउँगाउँमा सुरक्षित आश्रयस्थल निर्माण**

राप्ती सोनारी गाउँपालिकाले प्राकृतिक विपदको बेला गाउँ गाउँमा प्रभावितलाई राख्न सकिने सुरक्षित आश्रयस्थल निर्माण गरेको छ। विपद् व्यवस्थापनलाई मध्यनजर गरेर राप्ती सोनारीमा हाल करिब एक हजार पाँच सयदेखि दुई हजार जनासम्मलाई राख्न सकिने क्षमता रहेका सुरक्षित आश्रयस्थल निर्माण गरेको गाउँपालिका उपाध्यक्ष मनिषासिंह थारुले बताउनुभयो। उहाँका अनुसार, राप्ती सोनारी गाउँपालिकामा अहिले पाँचवटा सुरक्षित आश्रयस्थल सञ्चालनमा छन् भने थप दुईवटा भवन निर्माणको क्रममा छन्। सञ्चालनमा रहेका पाँच आश्रयस्थलमा करिव दुई हजार जनासम्मलाई राख्न सक्ने क्षमता रहेको छ।

राप्ती सोनारी गाउँपालिकामा वर्षायाममा राप्ती नदी तथा विभिन्न खहरे खोलामा आउने बाढीका कारण मानव बस्ती डुबानमा पर्ने, खेतीयोग्य जमिन कटान हुने तथा विद्यालय, स्वास्थ्य संस्था र सडकजस्ता संरचनामा क्षति पुग्ने जोखिम रहेको छ। 'राप्ती सोनारी सबैखाले विपद्बाट प्रभावित हुने गाउँपालिका हो, वर्षायाममा राप्ती नदी र विभिन्न खहरे खोलाको बाढीले मानव बस्ती डुबानमा पर्ने, खेतीयोग्य जमिन कटान हुने र विद्यालय, स्वास्थ्य संस्था तथा सडकजस्ता संरचनामा क्षति पुग्ने सम्भावना रहन्छ', उपाध्यक्ष थारुले भन्नुभयो, 'पछिल्ला वर्षमा जोखिम न्यूनीकरणका लागि पूर्वाधार निर्माण र विपद् प्रतिकार्यका योजना अघि बढाइएकाले जोखिम केही कम हुँदै गएको छ।'

गाउँपालिकाले यस वर्ष विपद् प्रतिकार्य योजनासमेत तयार गरेको छ। बाढी तथा डुबान भए प्रभावितलाई उद्धार गरी सुरक्षित आश्रयस्थलमा राख्ने, स्वास्थ्य उपचार, खाद्यान्न तथा राहत उपलब्ध गराउनेदेखि मनोसामाजिक परामर्शसम्मका लागि तयारी गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालले बताउनुभयो। उहाँका अनुसार स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई २४ सै घण्टा तयारी अवस्थामा राखिएको छ। वडा कार्यालय, वडा विपद् व्यवस्थापन समिति तथा गाउँपालिका विपद् व्यवस्थापन समितिमार्फत मनसुनअघि र मनसुनपछि आवश्यक तयारी तथा व्यवस्थापनका कामलाई निरन्तरता दिइएको छ।

बाढी पूर्वानुमानमा आधारित कृत्रिम अभ्यास

विपद् व्यवस्थापनका लागि पूर्वतयारी कति मजबुत छ भन्ने परीक्षण गर्न राप्ती सोनारीले हालै बाढी पूर्वानुमानमा आधारित 'कृत्रिम घटना अभ्यास' सञ्चालन गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वीकृत गरेको नयाँ कार्यविधि कार्यान्वयन गर्दै स्थानीय तहका रूपमा यस्तो नमुना अभ्यास गर्ने राप्ती सोनारी देशकै पहिलो पालिका बनेको छ।

राप्ती सोनारी गाउँपालिकाले आयोजना गरेको बाढी पूर्वानुमानमा आधारित कृत्रिम घटना अभ्यास कार्यक्रममा सहभागी हुनुभएकी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव गोमा चेम्जोङले विपद्को उच्च जोखिममा रहेको राप्ती सोनारी गाउँपालिकाले विपदसँग जुध्न आवश्यक पूर्व सतर्कता अपनाएको बताउनुभयो। उद्धार र राहतदेखि विपद्का क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्था, सुरक्षा निकाय तथा तीनै तहका सरकारले आ–आफ्नै तरिकाले गर्दै आएको कृत्रिम घटना अभ्यासमा एकरुपता ल्याउने उद्देश्यले पहिलोपटक कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइएको कार्यविधि अनुसार राप्ती सोनारीले आवश्यक तयारी गरेको पाईएको उहाँको भनाइ छ।

उहाँका अनुसार, गत वैशाख ३१ गते कार्यकारी समितिबाट पारित भएको कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३ ले सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा हुने अभ्यासलाई व्यवस्थित र एकरुप बनाएको छ। 'यसअघि विभिन्न सङ्घसंस्था र तीनै तहका सरकारले आफ्नै तरिकाले कृत्रिम घटना अभ्यास गर्दै आएका थिए। अहिले कार्यविधि बनेपछि सबै निकायले गर्ने अभ्यासमा एकरूपता ल्याउन खोजिएको हो,' चेम्जोङले भन्नुभयो, 'विपद् आइहाल्यो भने उद्धारका लागि सङ्घ, प्रदेश र स्थानीय तहको क्षमता कस्तो छ भनेर मापन गर्न र आवश्यक क्षमता अभिवृद्धि गर्न पनि यसले सहयोग गर्छ।' बाँकेमा सेभ द चिल्ड्रेनसँगको साझेदारीमा विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सामाजिक विकास मञ्चका परियोजना स्रोत व्यक्ति घनश्याम उपाध्यायले कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि–२०८३ बमोजिम नेपालमै पहिलोपटक राप्तीसोनारी गाउँपालिकामा गरिएको बाढी कृत्रिम घटना अभ्यास कार्यक्रमले बाढी आइहालेमा त्यसको प्रतिकार्य परीक्षण भएको बताउनुभयो। राप्ती सोनारीमा गरिएको यो अभ्यासले विपद्को समयमा सुरक्षा निकाय, स्थानीय सरकार, स्वयंसेवक, स्वास्थ्यकर्मी, सामाजिक सङ्घसंस्था र समुदायबीचको समन्वय कति महत्वपूर्ण हुन्छ भन्ने सन्देशसमेत दिएको उहाँको भनाइ छ।

बाढी आएपछि उद्धार गर्नुभन्दा बाढी आउनुअघि नै समुदायलाई तयार बनाउने, उद्धार टोलीको क्षमता परीक्षण गर्ने, आवश्यक उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने तथा प्रभावितलाई सुरक्षित स्थानमा राख्ने पूर्वतयारीलाई प्रभावकारी बनाउन यस्ता अभ्यास उपयोगी हुने राप्ती सोनारी गाउँपालिका–३ का वडाध्यक्ष मिनकुमार चौधरीले बताउनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ढल्केवरमा घरमै महिला मृत फेला श्रीमान् नियन्त्रणमा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–७ ढल्केवरमा २७ वर्षीया महिला घरकै प्यासेजमा मृत अवस्थामा फेला परेकी छन् । मंगलबार राति करिब १०ः५० बजे स्थानीय ३४ वर्षीय श्रवण महतोकी श्रीमती पुनिता देवी महतो घरको प्यासेजमा मृत अवस्थामा फेला परेको सूचना प्रहरीले प्राप्त गरेको थियो।

सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय ढल्केवरबाट प्रहरी निरीक्षक उदय शम्शेर जबराको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो।

प्रारम्भिक अनुसन्धानका क्रममा मृतकको घाँटीमा कसिएको जस्तो डाम देखिएपछि प्रहरीले घटनालाई शंकास्पद मानेको हो । घटनाको अनुसन्धानका लागि मृतकका श्रीमान् श्रवण महतोलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालले जानकारी दिए।

महतोलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा राखी घटनाको प्रकृति तथा मृत्युको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनाबारे थप तथ्य अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ।

## कलैया बजार क्षेत्रको ४ किमि हुलाकी सडकः

# निर्माण कार्य पुरा नभएपछि पुनः ठेक्का प्रक्रिया सुरु

**मधेशदृष्टि**
**कलैया।**
निर्माण सुरु भएको १६ वर्ष बितिसक्दा पनि निर्माण कार्य पूरा हुन नसकेको बाराको कलैया बजार क्षेत्रमा पर्ने करिब चार किलोमिटर हुलाकी सडक ठेक्का प्रकृया सुरु भएको छ।

पटक–पटक ठेक्का लागे पनि निर्माण कार्य अधुरै रहेपछि अहिले चौथोपटक ठेक्का आह्वान प्रक्रिया अघि बढाइएको हो । हुलाकी सडक आयोजना कार्यालय वीरगंजका अनुसार मानमत–कलैया–मटिअर्वा सडकखण्ड करिब २७ किलोमिटर लामो छ।

यसको अधिकांश भागमा दुई लेनको कालोपत्रे सडक निर्माण भइसके पनि कलैया बजार क्षेत्रमा पर्ने करिब चार किलोमिटर सडक भने अझै अधुरो छ । आयोजनाका इन्जिनियरहरूका अनुसार करिब चार किलोमिटर सडक चार लेनमा निर्माण गर्न ५० करोड रुपैयाँभन्दा बढी लागत अनुमान गरिएको छ।

नयाँ बोलपत्रबाट निर्माण सम्पन्न गर्ने तयारी भइरहेको आयोजना कार्यालयले जनाएको छ।

# फोहोर व्यवस्थापन नभएपछि

## वडा कार्यालय परिसरमै फोहोर थुपारेर विरोध



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको औरही गाउँपालिका–१ झिटकहियामा लामो समयदेखि फोहोर व्यवस्थापन हुन नसकेको भन्दै स्थानीय युवाहरूले वडा कार्यालय परिसरमै फोहोर थुपारेर विरोध जनाएका छन्। झिटकहिया युवा संगठनको अगुवाइमा युवाहरूले गाउँका विभिन्न स्थानमा थुप्रिएको फोहोर ट्र्याक्टरमा संकलन गरी वडा कार्यालय परिसरमा ल्याएर थुपारेका हुन् । गाउँको फोहोर व्यवस्थापनको समस्या समाधानका लागि वडा अध्यक्षसँग छलफल गर्न खोजिए पनि कार्यालयमा अध्यक्ष उपस्थित नभएपछि आफूहरूले संकलन गरेको फोहोर वडा कार्यालयमै थुपारेर सांकेतिक विरोध गर्नुपरेको युवाहरूले बताएका छन् । स्थानीयका अनुसार झिटकहियामा लामो समयदेखि फोहोर व्यवस्थापनको समस्या रहँदै आएको छ । ठाउँठाउँमा फोहोर थुप्रिँदा गाउँको सौन्दर्य तथा वातावरणमा असर पर्नुका साथै दुर्गन्ध फैलिएको र विभिन्न रोगको जोखिम बढेको उनीहरूको गुनासो छ।

युवाहरूले फोहोर उठाउने र व्यवस्थापन गर्ने नियमित व्यवस्था तत्काल मिलाउन वडा कार्यालय तथा गाउँपालिकासँग माग गरेका छन् । साथै, दीर्घकालीन फोहोर व्यवस्थापन योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न उनीहरूले स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन् । स्थानीय तहले सरसफाइ तथा फोहोर व्यवस्थापनलाई प्राथमिकतामा नराखे आगामी दिनमा थप दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने युवाहरूले चेतावनी दिएका छन्।

## नेकपाका शीर्ष नेताद्वय

# असोज ११ गते वीरगंज आउने

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शीर्ष नेताद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधव कुमार नेपाल आगामी असोज ११ गते वीरगंज आउने भएका छन् । वीरगंजस्थित नगरसभा गृहमा आयोजना हुने नेकपा पर्साको जिल्ला एकता भेला, प्रशिक्षण तथा शपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्न संयोजक प्रचण्ड र सह–संयोजक नेपाल वीरगंज आउन लागेका हुन्।

कार्यक्रम व्यवस्थापनका लागि नेकपा पर्साले विभिन्न उपसमिति गठन गरेको छ । जिल्ला संयोजक जयप्रकाश थारुको अध्यक्षतामा बसेको बैठकले उहाँकै संयोजकत्वमा केन्द्रीय तथा प्रदेश सदस्यहरू सम्मिलित २१७ सदस्यीय मूल व्यवस्थापन समिति गठन गरेको छ।

## संघीय सरकारको हस्तक्षेपले

# स्थानीय तह अस्तव्यस्तः मेयर साह

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साहले संघीय सरकारको हस्तक्षेपका कारण नगरपालिका प्रशासनिक तथा आर्थिक रूपमा अस्तव्यस्त बनेको भन्दै प्रधानमन्त्री बालेन्द्र शाहको ध्यानाकर्षण गराएकी छन् । प्रधानमन्त्री शाहलाई सम्बोधन गर्दै सार्वजनिक अपिल जारी गरेकी साहले तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गरी नगरपालिकाको सेवा प्रवाह सहज बनाउन माग गरेकी हुन्।

उनका अनुसार आर्थिक वर्ष २०७४÷७५ देखि २०८१÷८२ सम्म नगरपालिकाले ९० प्रतिशतभन्दा बढी वित्तीय तथा भौतिक प्रगति गर्दै आएको थियो । तर, संघीय सरकारको हस्तक्षेप र 'कुदृष्टि'का कारण आर्थिक वर्ष २०८२÷८३ मा बजेट खर्च ५०.६८ प्रतिशतमा झरेको उनको दाबी छ।

## सखुवाप्रसौनी अध्यक्ष यादवको आत्मालोचना,

# 'कमी–कमजोरीका लागि जनतासँग क्षमा चाहन्छु'

मधेशदृष्टि
वीरगंज।
क्यासिनो प्रकरणमा पक्राउ परेर धरौटीमा रिहा भएका पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले आफूबाट भएका कमी–कमजोरीप्रति आत्मालोचना गर्दै जनतासँग क्षमायाचना गरेका छन् । सोमबार साँझ धरौटीमा रिहा भएका अध्यक्ष यादवले मंगलबार सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक धारणा राख्दै विगतमा आफूबाट भएका त्रुटि र कमजोरीबाट पाठ सिकेर आगामी दिनमा थप जिम्मेवार बन्ने प्रतिबद्धता जनाएका हुन्।

अध्यक्ष यादवले आफ्ना कारण कसैको मन दुखेको भए त्यसप्रति हृदयदेखि नै क्षमा माग्दै जनताको विश्वास, भावना र अपेक्षाप्रति आफू सधैँ सम्मानित तथा जवाफदेही रहने बताएका छन् । उनले सार्वजनिक गरेको सन्देशमा आफूबाट भएका कमी–कमजोरी, त्रुटि वा निर्णयका कारण कसैको मन दुखेको भए क्षमा चाहेको उल्लेख गरेका छन्।

यादवले विगतका गल्तीबाट सिक्दै आफ्ना कमजोरी सुधार्ने र आगामी दिनमा अझ जिम्मेवार भएर अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । उनले देश, समाज तथा सखुवाप्रसौनी गाउँपालिकाका जनताको हितलाई केन्द्रमा राखेर आगामी दिनमा निरन्तर समर्पित रहने बताएका छन् । क्यासिनो प्रकरणमा पक्राउ परेका अध्यक्ष यादव सोमबार साँझ धरौटी रकम बुझाएर रिहा भएका थिए।

त्यसको भोलिपल्टै उनले सामाजिक सञ्जालमार्फत आत्मालोचनासहित जनतासँग क्षमा माग्दै आफ्नो धारणा सार्वजनिक गरेका हुन् । अध्यक्ष यादवको यो अभिव्यक्तिलाई क्यासिनो प्रकरणपछि जनतामाझ आफ्नो धारणा स्पष्ट पार्ने तथा विगतका कमजोरी सच्याएर अघि बढ्ने प्रतिबद्धताका रूपमा हेरिएको छ।

# मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

**मधेशदृष्टि**
**सिरहा।**
सिराहाको गोलबजार नगरपालिका–१३ मा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय रामदयाल यादवका चार वर्षीय छोरा आयान्स कुमार यादव रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार, बालक मंगलबार बिहान आफ्नै घरअगाडि खेलिरहेको अवस्थामा नम्बर नखुलेको मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका बालकलाई उपचारका लागि गोलबजारतर्फ ल्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न मोटरसाइकल र चालकको पहिचान खुल्न सकेको छैन । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

# ११ लाख बढीको भन्सार छलीका कपडा बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा अवैध रूपमा भन्सार छली ओसारपसार गर्दै गरेको ११ लाख रुपैयाँभन्दा बढी मूल्यको लत्ताकपडा प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले वीरगंज महानगरपालिका–१६ स्थित इनर्वागाउँबाट भन्सार छलेर भित्र्याइँदै गरेको उक्त कपडाहरू नियन्त्रणमा लिएको हो।

सीमावर्ती क्षेत्रबाट अवैध ओसारपसार बढेको जनगुनासो आएपछि प्रहरीले विशेष निगरानी तथा गस्ती बढाएको थियो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी चक्रबहादुर मल्लका अनुसार बरामद गरिएका कपडाहरूको कुल बजार मूल्य ११ लाख २ हजार १४० रुपैयाँ बराबर रहेको छ।

बरामद सम्पूर्ण लत्ताकपडाहरू वीरगंज भन्सार कार्यालय पर्सामा बुझाइएको र संलग्न व्यक्तिहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# ३६५ परिवारलाई जग्गाधनी पुर्जा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको हंसपुरमा ३६५ परिवारलाई जग्गाधनी पुर्जा वितरण गरिएको छ।

वर्षौंदेखि जग्गा उपभोग गर्दै आएपनि कानुनी स्वामित्वको प्रमाणपुर्जा पाउन नसकेका धनुषाको हंसपुर नगरपालिका–५, साविक सुगा निकास गाविस–३ का ३६५ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ।

नापी कार्यालय धनुषाका अनुसार विसं २०७२ मा उक्त क्षेत्रको नाप नक्सा भए पनि जग्गाधनी प्रमाणपुर्जा वितरण हुन सकेको हंसपुर नगरपालिका–५ का ३६५ परिवारलाई आज जग्गाधनी पुर्जा वितरण गरिएको हो । नाप नक्सा सम्पन्न भएपनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका स्ववासी तथा गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गर्दै लालपुर्जा वितरण गरिएको नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारले बताए।

# गुठीको १५ दिने...

पुनरावलोकनको माग गरिएको छ। महासंघर्ष समितिले १५ दिने सूचना तत्काल खारेज गर्नुपर्ने, २०६२ सालको प्रतिवेदन स्थगित गरी निष्पक्ष उच्चस्तरीय छानबिन आयोग गठन गर्नुपर्ने, नापी, मालपोत, गुठी तथा समितिका प्रतिनिधिको सहभागितामा कित्ताको प्राविधिक जाँचबुझ गर्नुपर्ने माग अघि सारेको छ।

त्यस्तै, फिल्डबुकमा नाम भएका रैतीलाई भूमि ऐन तथा गुठी ऐनबमोजिम स्थायी लालपूर्जा वितरणको प्रक्रिया अघि बढाउनुपर्ने र उचित क्षतिपूर्ति तथा वैकल्पिक आवासको ग्यारेन्टीबिना कसैलाई पनि बासस्थानबाट हटाउन नहुने समितिको माग छ।

समितिले आफ्ना माग सम्बोधन नभए कानुनी तथा सडक संघर्षलाई एकैसाथ अघि बढाउने चेतावनी दिएको छ।

तत्कालका लागि तथ्यांक संकलन, प्रचारप्रसार तथा आगामी आन्दोलनका कार्यक्रम कार्यसम्पादन समितिको बैठकबाट तय गरिने अध्यक्ष सन्तोषकुमार साहले जानकारी दिएका छन्।

गुठी संस्थान वा स्थानीय प्रशासनले बलपूर्वक डोजर चलाएर नागरिकलाई विस्थापित गर्ने प्रयास गरे जनकपुरधाममा निर्णायक आन्दोलन गर्ने चेतावनीसमेत समितिले दिएको छ।

# चट्याङ लागेर महिला घाइते

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको कञ्चनरुप नगरपालिका–११ भुवनपट्टीमा मंगलबार चट्याङ लागेर ४५ वर्षीया दुख्नी देवी विश्वकर्मा घाइते भएकी छिन् । बिहान भीषण वर्षासँगै खसेको चट्याङ लागेर उनी घाइते भएकी हुन्। अचानक चट्याङ खस्दा आफ्नै घरअगाडि सडकमा बसीरहेकी विश्वकर्मा घाइते भएको स्थानीयले बताएका छन् । चट्याङ लागेर गम्भीर घाइते विश्वकर्माको कञ्चनरुप १२ स्थित धर्मेश्वर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# भ्रष्टाचार मुद्दामा सफाइपछि मेयर सिंहको 'सत्यको जित' घोषणा, पुनः महानगरको नेतृत्वमा फर्किए

**मधेशदृष्टि**
**वीरगंज।**
भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट सफाइ पाएसँगै वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले आफूविरुद्धको आरोपमाथि न्यायालयबाट सत्यको पुष्टि भएको प्रतिक्रिया दिएका छन् । अदालतको फैसलासँगै उनी पुनः मेयर पदमा स्वतः बहाल भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर सिंहसहित ७ जनाविरुद्ध गत जेठ २५ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा सोमबार विशेष अदालतले सिंहलाई सफाइ दिएपछि उनको निलम्बन स्वतः अन्त्य भएको हो।



अदालतको फैसलापछि सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै मेयर सिंहले आफूले लामो समयदेखि विश्वास गर्दै आएको न्यायप्रतिको आस्था अझ बलियो बनेको बताएका छन् । उनले हिन्दीको भनाइ 'देर है पर अन्धेर नहीं' उल्लेख गर्दै अन्ततः न्याय हुने बताएका छन् । आफूविरुद्ध झुटो मुद्दा लगाएर निलम्बनमा पारिएको कठिन परिस्थितिलाई आफू र आफ्नो परिवारले धैर्य, आत्मविश्वास तथा सत्यप्रतिको विश्वासका साथ सामना गरेको उनको भनाइ छ।

विशेष अदालतको फैसलाले सत्य कहिल्यै पराजित हुँदैन भन्ने आफ्नो विश्वासलाई थप बलियो बनाएको सिंहले बताएका छन् । निलम्बनको कठिन समयमा आफूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा साथ दिने, हौसला बढाउने, शुभेच्छा व्यक्त गर्ने तथा आफ्नो न्यायका लागि प्रार्थना गर्ने आफन्त, साथीभाइ, शुभचिन्तक र न्यायप्रेमी सबैप्रति उनले आभार व्यक्त गरेका छन्।

आफूमाथि आएको संकटको समयमा प्राप्त सहयोग र विश्वासलाई आफूले कहिल्यै नबिर्सने उल्लेख गर्दै सिंहले त्यसलाई कठिन परिस्थितिमा अघि बढ्ने ऊर्जाका रूपमा लिएको बताएका छन् । उनले आफ्नो प्रतिक्रियामा 'सत्यको बाटो कठिन हुन सक्छ, तर अन्ततः सत्यकै जित हुन्छ । ढिलो भयो, तर न्याय भयो' भन्दै अदालतको फैसलालाई न्यायको विजयका रूपमा व्याख्या गरेका छन्।

विशेष अदालतबाट सफाइ पाएसँगै अब मेयर सिंह महानगरपालिकाको नियमित काममा फर्किने बाटो खुलेको छ । यससँगै केही समयदेखि नेतृत्वविहीनताको अवस्थामा रहेको महानगरपालिकाको राजनीतिक तथा प्रशासनिक गतिविधि पुनः सिंहकै नेतृत्वमा अघि बढ्ने भएको छ।

## बाढीपीडितका लागि ठाकुरराम क्याम्पस

# स्ववियुको १ लाख १ हजार सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग पु¥याउन वीरगन्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)ले १ लाख १ हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ।

विपद्का कारण पीडामा रहेका परिवारलाई राहत पु¥याउने उद्देश्यले स्ववियुले उक्त रकम बराबरको चेक मंगलबार क्याम्पस प्रमुख डा. केशव प्रसाद यादवलाई हस्तान्तरण गरेको हो । स्ववियु सभापति राज कुमार यादवको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले क्याम्पसस्थित स्ववियु कार्यालयमा आयोजित कार्यक्रममा चेक हस्तान्तरण गरेको थियो । चेक हस्तान्तरण गर्दै स्ववियु सभापति यादवले विपद्को कठिन घडीमा विद्यार्थीहरू अध्ययन र शैक्षिक गतिविधिमा मात्रै सीमित नरहने बताए । समाजमा आइपरेका संकट र विपद्मा मानवीय सहयोग गर्नु विद्यार्थी वर्गको पनि महत्वपूर्ण सामाजिक दायित्व भएको उनको भनाइ थियो।

भोटेकोशी बाढीबाट प्रभावित परिवारको पीडामा केही भए पनि राहत पुगोस् भन्ने उद्देश्यले स्ववियुको तर्फबाट सहयोग गरिएको उनले बताए । विद्यार्थीको सानो प्रयासले पनि विपद्मा परेका नागरिकको घाउमा मलम लगाउन सहयोग पुग्ने विश्वास यादवले व्यक्त गरे।

सहयोग रकम ग्रहण गर्दै क्याम्पस प्रमुख डा. यादवले स्ववियुले देखाएको मानवीय संवेदना र सामाजिक उत्तरदायित्वको प्रशंसा गरे । विपद्का बेला विद्यार्थी संगठनले अघि सारेको सहयोग र सहकार्यको भावना अनुकरणीय रहेको भन्दै उनले स्ववियुलाई धन्यवाद दिए । क्याम्पस प्रमुख यादवले प्राप्त रकम यथाशीघ्र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । विद्यार्थी संगठनबाट भएको आर्थिक सहयोगले बाढीपीडितका लागि राहत जुटाउने अभियानमा थप सहयोग पुग्ने उनको भनाइ थियो।

भोटेकोशी बाढीले ठूलो जनधनको क्षति पु¥याएपछि देशभरबाट राहत तथा पुनःस्थापनाका लागि सहयोग जुटिरहेको अवस्थामा ठाकुरराम बहुमुखी क्याम्पसका विद्यार्थीहरूले पनि आफ्नो सामाजिक जिम्मेवारी निर्वाह गर्दै आर्थिक सहयोग गरेका हुन् । चेक हस्तान्तरण कार्यक्रममा स्ववियुका पदाधिकारी तथा सदस्य, क्याम्पस प्रशासनका प्रतिनिधि र विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

# स्थानीय तहमा भ्रष्टाचारको स्थिति भयावह, संघीय सरकारलाई सांसद पन्तको ध्यानाकर्षण



\मधेशदृष्टि
**वीरगंज।**
पर्सा क्षेत्र नं. १ का सांसद बुद्धि प्रसाद (हरि) पन्तले स्थानीय तहमा भ्रष्टाचार र भागबण्डा विकराल बन्दै गएको भन्दै संघीय सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् । उनले भ्रष्टाचार र राजनीतिक भागबण्डाका कारण कतिपय स्थानीय तह ऋणमा डुब्दै गएको र कर्मचारीको तलब तथा उपदानसमेत भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेको बताएका छन्।

प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद पन्तले जनतासँग प्रत्यक्ष जोडिएको स्थानीय सरकारमै भ्रष्टाचार बढ्दै जानु गम्भीर चिन्ताको विषय भएको बताए।

स्थानीय तहमा बढिरहेको भ्रष्टाचारका कारण संघीय व्यवस्थाप्रति नै जनताको विश्वासमा प्रश्न उठ्न थालेको उनको भनाइ थियो। उनका अनुसार कतिपय पालिकामा जनप्रतिनिधि र कर्मचारीबीच अघिल्लो आर्थिक वर्षको भागबण्डा नमिल्दा बजेट प्रक्रिया नै अवरुद्ध भएको छ भने कतिपय स्थानीय तहमा बजेट पारित भइसके पनि बैंक खाता सञ्चालन हुन नसकेको अवस्था छ।

मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगंज महानगरपालिकासमेत कर्मचारीको तलब र उपदानबापत ७३ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेको उल्लेख गर्दै सांसद पन्तले यसबाट कार्यरत तथा अवकाशप्राप्त कर्मचारीहरू ठूलो मारमा परेको बताए । उनले स्थानीय तहमा करार तथा ज्यालादारी कर्मचारी नियुक्तिदेखि ठेक्कापट्टासम्मका काममा पार्टीगत सम्बन्ध, नातागोता र व्यक्तिगत पहुँचका आधारमा मिलेमतो हुने गरेको व्यापक जनगुनासो रहेको बताए।

राजनीतिक आस्था र आर्थिक लेनदेनका आधारमा शिक्षक तथा अन्य करार कर्मचारीको नियुक्ति र सरुवा हुने प्रवृत्तिले शिक्षा तथा स्वास्थ्यजस्ता जनताको प्रत्यक्ष सरोकारका क्षेत्रसमेत अस्तव्यस्त बनेको उनको आरोप थियो। सांसद पन्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने कुल उजुरीमध्ये ५२ प्रतिशत उजुरी स्थानीय तहविरुद्ध पर्ने गरेको दाबी गर्दै भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा भइरहेको ढिलाइप्रति पनि प्रश्न उठाए।

एउटा जनप्रतिनिधिको कार्यकालमा भएको भ्रष्टाचारको अनुसन्धान अर्को व्यक्ति मेयर बनेसम्म पनि पूरा नहुने अवस्था देखिनु अख्तियार, न्याय प्रणाली र सुशासनकै लागि गम्भीर चुनौती भएको उनले बताए । उनले सुशासनको नारासहित गठन भएको सरकारले सबैभन्दा पहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई चुस्त, सक्षम र निष्पक्ष बनाउनुपर्ने माग गरे।

आयोगमा आयुक्तदेखि अनुसन्धान अधिकृतसम्मका जनशक्ति अवकाशप्राप्त वा अन्य निजामती सेवाबाट ल्याउने विद्यमान व्यवस्थाको विकल्प खोज्दै छुट्टै 'अख्तियार समूह' गठन गरी खुला प्रतिस्पर्धाबाट दक्ष जनशक्ति भर्ना गर्ने व्यवस्था गर्नुपर्ने उनको प्रस्ताव छ । त्यसैगरी, स्थानीय तहको कार्यसम्पादनलाई सुशासनका आधारमा मूल्यांकन गरी राम्रो काम गर्ने पालिकालाई संघीय सरकारले पुरस्कृत गर्नुपर्ने र भ्रष्टाचारमा संलग्न स्थानीय तहको आवश्यकताअनुसार अनुदान रोक्नेसम्मको कडा व्यवस्था गर्नुपर्ने उनले बताए।

सांसद पन्तले स्थानीय सरकारलाई जवाफदेही र पारदर्शी बनाउन नसकिए संघीयताको मूल उद्देश्य नै कमजोर हुने चेतावनीसमेत दिए । 'गाउँगाउँमा सिंहदरबार' भन्ने संघीयताको अवधारणा भ्रष्टाचारको विकेन्द्रीकरणमा परिणत हुन नदिन तत्काल कठोर सुधार आवश्यक रहेको संकेत गर्दै उनले स्थानीय तहको आर्थिक अनुशासन, कर्मचारी नियुक्ति, ठेक्कापट्टा र बजेट कार्यान्वयनमा प्रभावकारी निगरानी बढाउन सरकारको ध्यानाकर्षण गराएका छन्।

# पर्सा–बारामा प्रमुख प्रशासकीय अधिकृतको सरुवा, एकैपटक फेरिए स्थानीय तहका प्रशासकीय नेतृत्व



**मधेशदृष्टि**
**वीरगंज।**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको ठूलो संख्याको कर्मचारी सरुवाको असर पर्सा र बाराका स्थानीय तहमा समेत परेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको ९ उपसचिव र ५२ अधिकृतको सरुवा अन्तर्गत पर्सा र बाराका विभिन्न गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फेरिएका हुन्।

सरुवा सूचीअनुसार पर्साको सखुवा प्रसौनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत संजीव कुमार यादवलाई धोबिनी गाउँपालिकामा सरुवा गरिएको छ । उनको स्थानमा सर्लाहीको चक्रघट्टा गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत रामबाबु कुशवाहालाई सखुवा प्रसौनी पठाइएको छ । कुशवाहाको स्थानमा भने जिल्ला प्रशासन कार्यालय पर्सामा कार्यरत शाखा अधिकृत विनय गुप्तालाई चक्रघट्टा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको छ।

त्यस्तै, धोबिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण खतिवडालाई जिराभवानी गाउँपालिकामा सरुवा गरिएको छ । जिराभवानीका प्रमुख प्रशासकीय अधिकृत अमित कुमार गिरीको गृह मन्त्रालयअन्तर्गत सरुवा भएको छ । पर्साको पटेर्वा सुगौली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता पनि गृह मन्त्रालयअन्तर्गत सरुवा भएका छन् । उनको ठाउँमा रौतहटको ईशनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महमद नवाज हुसैनलाई पठाइएको छ।

पर्साकै जगरनाथपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवलाई बाराको विश्रामपुर गाउँपालिकामा सरुवा गरिएको छ। विश्रामपुरका प्रमुख प्रशासकीय अधिकृत सुनिल प्रसाद केशरीलाई भने जगरनाथपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको छ।

यसैगरी छिपहरमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत संजीव कुमार साहको सर्लाहीस्थित पर्सा गाउँपालिकामा सरुवा भएको छ। उनको ठाउँमा सर्वजित कुमार झालाई पठाइएको छ।

पर्साको पकहाँ मैनपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहको पनि गृह मन्त्रालयअन्तर्गत सरुवा भएको छ । उनको स्थानमा जिल्ला समन्वय समिति पर्सामा कार्यरत सुमित कुमार सिंहलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको छ।

**बारामा पनि व्यापक हेरफेर**
बाराका स्थानीय तहमा पनि सरुवाले प्रशासकीय नेतृत्वमा उल्लेख्य परिवर्तन ल्याएको छ । परवानीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना कुमार रौनियारलाई फेटा गाउँपालिकामा सरुवा गरिएको छ। फेटाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाको सिरहाको नवराजपुर गाउँपालिकामा सरुवा भएको छ। परवानीपुर गाउँपालिकाको नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा बाराकै देवताल गाउँपालिकामा कार्यरत कृष्णनन्दन रायलाई पठाइएको छ । रायको स्थानमा रौतहटको बौद्धिमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयशंकर चौधरीलाई देवताल गाउँपालिकाको जिम्मेवारी दिइएको छ।

बाराको प्रसौनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन कुमार श्रीवास्तवको गृह मन्त्रालयअन्तर्गत सरुवा भएको छ । उनको स्थानमा रौतहटको देवाही गोनाही नगरपालिकामा कार्यरत पवन कुमार केशरीलाई पठाइएको छ।

त्यस्तै, करैयामाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवको भूमि व्यवस्था तथा अभिलेख विभाग, काठमाडौंमा सरुवा गरिएको छ । करैयामाईको नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा रमेश अधिकारीलाई पठाइएको छ।

पर्सा र बाराका स्थानीय तहमा भएको यो सरुवासँगै विकास योजना कार्यान्वयन, प्रशासनिक सेवा प्रवाह, बजेट कार्यान्वयन तथा कार्यालय व्यवस्थापनमा समेत नयाँ नेतृत्वको प्रभाव पर्ने देखिएको छ । प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको प्रशासनिक संयन्त्रका प्रमुख हुने भएकाले उनीहरूको फेरबदलले पालिकाको दैनिक प्रशासनदेखि विकास निर्माण र आर्थिक गतिविधिसम्म प्रत्यक्ष प्रभाव पार्ने गर्छ।

एकैपटक ठूलो संख्यामा प्रमुख प्रशासकीय अधिकृत परिवर्तन भएपछि अब नयाँ जिम्मेवारी पाएका अधिकारीहरूले स्थानीय तहको प्रशासनलाई कति प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन सक्छन् भन्ने विषयमा समेत चासो बढेको छ।

# गुठीको १५ दिने सूचना खारेजीको माग गर्दै महासंघर्ष समिति गठन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
गुठी संस्थान शाखा कार्यालय जनकपुरले घरटहरा हटाउन जारी गरेको १५ दिने सूचनाको विरोध गर्दै जनकपुरधाममा 'गुठी पीडित घर जग्गा व्यवस्थापन महासंघर्ष समिति' गठन गरिएको छ । गुठी पीडित नागरिक, बुद्धिजीवी, व्यापारी, मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिको संयुक्त भेलाले सन्तोषकुमार साहको अध्यक्षतामा ५९ सदस्यीय महासंघर्ष समिति गठन गरेको हो । समितिका पदाधिकारी तथा सदस्यहरूले मंगलबार पद तथा गोपनीयताको शपथसमेत लिएका छन्।

समितिले जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडामा पुस्तौँदेखि बसोबास गर्दै आएका नागरिकलाई गुठी संस्थानले 'अतिक्रमण मुक्त गर्ने' भन्दै घरटहरा हटाउन सूचना जारी गरेको भन्दै त्यसको विरोध गरेको छ । समितिका अनुसार २०४६ सालको सरकारी नापीका क्रममा मालपोत कार्यालय तथा गुठी संस्थानका प्रतिनिधिको रोहबरमा कित्ताकाट भई आधिकारिक फिल्डबुकको कैफियत महलमा स्थानीयको नाम, भोगको किसिम र ऐतिहासिक भोगाधिकार उल्लेख गरिएको छ । आफूहरू राज्यलाई कर तथा तिरो तिर्दै आएका वैध रैती भएको समितिको दाबी छ।

समितिले संविधानको धारा ३७ ले सुनिश्चित गरेको आवासको हक तथा धारा २५ को सम्पत्तिको हकविपरीत नागरिकलाई विना विकल्प र क्षतिपूर्ति विस्थापित गर्न खोजिएको आरोप लगाएको छ।

त्यस्तै, गुठी संस्थानले आधार बनाएको २०६२ सालको भोजराज घिमिरे कार्यदलको प्रतिवेदन वास्तविक वस्तुस्थिति र फिल्डबुकमा उल्लेख भएका रैतीको ऐतिहासिक भोगाधिकारलाई बेवास्ता गरी तयार पारिएको भन्दै

*बाँकी पृष्ठ ३ मा*

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध अग्रगामी युवा मोर्चाको आन्दोलन घोषणा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा बजारमा बढ्दो महँगीविरुद्ध अग्रगामी युवा मोर्चाले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । मोर्चाले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत पेट्रोलियम पदार्थको मूल्यवृद्धि तत्काल फिर्ता लिनुपर्ने, आपूर्ति व्यवस्थाका समस्या समाधान गर्नुपर्ने तथा अत्यावश्यक वस्तुको सहज आपूर्ति सुनिश्चित गर्नुपर्ने माग गरेको छ। माग सम्बोधन नभए आगामी असोज ६ गते नेपाल आयल निगमको केन्द्रीय कार्यालय घेराउ गर्ने मोर्चाले जनाएको छ।

मोर्चाले बढ्दो मूल्यवृद्धि, कालोबजारी, सरकारी सेवा प्रवाहमा ढिलासुस्ती तथा भ्रष्टाचारप्रति सरकारको ध्यानाकर्षण गराएको छ । नागरिकका आधारभूत समस्याप्रति संघ, प्रदेश र स्थानीय सरकार उदासीन बनेको आरोप लगाउँदै माग पूरा नभए देशव्यापी रूपमा थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएको छ।

**बाढीपीडितको उद्धार र पुनःस्थापनाको माग**
भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भए पनि तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसकेको मोर्चाको भनाइ छ। बाढी प्रभावित नागरिकको तत्काल उद्धार, उचित राहत तथा दीर्घकालीन पुनःस्थापनाको व्यवस्था गर्न मोर्चाले माग गरेको छ।

त्यस्तै, सरकारी निकायमा बढ्दै गएको भ्रष्टाचार, अनियमितता र प्रशासनिक ढिलासुस्ती अन्त्य गरी पारदर्शिता र सुशासन कायम गर्न पनि उसले आग्रह गरेको छ।

**बजार अनुगमन र रोजगारीको माग**
बजारमा अत्यावश्यक वस्तुको अभाव, कालोबजारी र मूल्यवृद्धि बढिरहेको भन्दै मोर्चाले तत्काल प्रभावकारी बजार अनुगमन गरी मूल्य नियन्त्रण गर्न तथा दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न माग गरेको छ। युवाका लागि स्वदेशमै रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने ठोस नीति ल्याउनुपर्ने, वैदेशिक रोजगारीका नाममा हुने ठगी, बिचौलियाको गतिविधि तथा श्रम शोषण नियन्त्रण गर्नुपर्ने मागसमेत मोर्चाले अघि सारेको छ।

विज्ञप्तिमा समाजवादी युवा संघ नेपालका अध्यक्ष मनिष यादव, समाजवादी युवा संगठनका संयोजक जनकबहादुर कार्की, विद्यार्थी जनमत संघका संयोजक पोषणकुमार यादव, खम्बुवान राष्ट्रिय मोर्चा नेपालका प्रतिनिधि विप्लव खम्बु, आइटी आर्मीका केन्द्रीय प्रतिनिधि राजेश शर्मा, आम विद्यार्थी मोर्चाका केन्द्रीय सचिव प्रिन्स साह, समाजवादी विद्यार्थी युनियन नेपालका उपमहासचिव मुकेशकुमार यादव र समाजवादी युवा संगठनका केन्द्रीय प्रतिनिधि रवि ध्वज कार्कीले हस्ताक्षर गरेका छन्।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन